# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।१०।२६ गते।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला नवलपरासी (ब.सु.प.), सरावल गाउँपालिका वडा नं. ३ स्थित श्री महेन्द्र माध्यमिक विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राधाकृष्ण चौधरी समेतको मिलेमतोमा विद्यालयको नाममा रहेको कि.नं. २९५ र १४२ को लगभग १ विगहा १० कठ्ठा १० धुर जग्गाको कुनै पनि निर्णय नगरी ५ फिट गहिरो माटो निकाली बेचबिखन गरी आर्थिक अनियमितता गरेको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा महेन्द्र माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८०।०९।१६ गतेको बैठकको निर्णयानुसार विद्यालयको नाममा रहेको जग्गा सम्याई खेतीयोग्य बनाउन कार्य सम्पन्न गर्न गराउन विद्यालय व्यवस्थापन समितिको अध्यक्ष राधाकृष्ण चौधरीलाई जिम्मेवारी दिने भनी निर्णय भई माटो उत्खनन कार्य गर्नका निम्ति मिति २०८०।१०।०५ गतेभित्र दररेट पेस गर्न भनी सूचना आह्वान गरी सोही बमोजिम निवेदन पेस भएअनुसार मिति २०८०।११।१५ गते महेन्द्र माध्यमिक विद्यालयको तर्फबाट राधाकृष्ण चौधरी र जिल्ला नवलपरासी (ब.सु.प.), रामग्राम नगरपालिका वडा नं. ४ बस्ने दिनेश यादव बीच महेन्द्र माध्यमिक विद्यालय सरावल-३ को विद्यालयको स्वामित्वमा रहेको सरावल गाउँपालिका वडा नं. ३ मा रहेको जग्गा कित्ता नं. २९५ को क्षेत्रफल लगभग दश कठ्ठा जग्गाबाट सम्झौताको शर्तहरू पालना गर्ने गरी कृषि कार्ययोग्य समतल बनाउन र गाउँपालिकाको अनुमति तथा सिफारिस अनुसारको माटो निकासी गर्न भनी सम्झौता भई माटो उत्खनन र निकासीको कार्य गर्दा निकासी अनुमतिको परिमाणमा निकासी गर्नुपर्नेमा विद्यालय व्यवस्थापन समितिका **अध्यक्ष राधाकृष्ण चौधरी र सम्झौताकर्ता दिनेश यादवको** आपसी मिलेमतो तथा योजनामा आफूहरूलाई गैरकानुनी लाभ तथा विद्यालय र गाउँपालिकालाई हानिनोक्सानी पुऱ्याउने बदनियतले गाउँपालिकाले अनुमति प्रदान गरेको परिमाणभन्दा बढी परिमाणमा माटो उत्खनन गरी गराई निकासी गरेको तथ्य सरावल गाउँपालिका र आयोगबाट भएको स्थलगत नापजाँच समेतबाट स्थापित हुन आएकोले प्रतिवादी राधाकृष्ण चौधरीले आफ्नो पद तथा ओहदाको दुरूपयोग गरी तोकिएको परिमाण भन्दा अस्वभाविक बढी माटो उत्खनन र निकासी गरी गराई बिगो रू.१०,०८,७०३/७४ (दश लाख आठ हजार सात सय तीन रूपैयाँ चौहत्तर पैसा) बराबरको सार्वजनिक सम्पत्तिको हिनामिना हानि नोक्सानी तथा दुरूपयोग गरेको देखिंदा निज प्रतिवादीहरूलाई देहायको कसुरमा देहायबमोजिम सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | महेन्द्र माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष **राधाकृष्ण चौधरी** | रू.१०,०८,७०३/७४ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. दश लाख आठ हजार सात सय तीन रूपैया चौहत्तर पैसा कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को |

| | | | |
|---|---|---|---|
| | | | उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम हिनामिना, हानि नोक्सानी तथा मासेको बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| २. | जिल्ला नवलपरासी (ब.सु.प.), रामग्राम नगरपालिका वडा नं. ४ बस्ने **दिनेश यादव** | रू.१०,०८,७०३/७४ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानुनी प्रकृतिको लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर भएको हुँदा बिगो रू. दश लाख आठ हजार सात सय तीन रूपैयाँ चौहत्तर पैसा कायम गरी मुख्य कसुरदारहरूलाई सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम हिनामिना, हानि नोक्सानी तथा मासेको बिगो असूल उपर हुने सजायलाई आधारमानी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने